أحكام فقهية ـ نيبالي

# ईस्लामी अनुशासन



193

شعبة توعية الجاليات بالزلفي

هاتف: ٤٢٣٤٤٦٦ ٠٦ فاكس: ٤٢٣٤٤٧٧ ٠٦ ص.ب: ١٨٢

# أحكام فقهية

أعده وترجمه للغة النيبالية

**شعبة توعية الجاليات بالزلفي**

**الطبعة الأولى ١٤٣٣هـ**

ح شعبة توعية الجاليات بالزلفي ، ١٤٣٣هـ

*فهرسة مكتبة الملك فهد الوطنية أثناء النشر*

شعبة توعية الجاليات بالزلفي
أحكام فقهية باللغة النيبالية / شعبة توعية الجاليات بالزلفي
١٤٣٣هـ
٤٢ ص : ١٢ × ١٧ سم
ردمك : ٠ - ٤١ - ٨٠١٣ - ٦٠٣ - ٩٧٨
١- الفقه الإسلامي أ- العنوان

ديوي ٢٥٠ ١٤٣٣ / ٨٦٢٤

رقم الإيداع : ١٤٣٣ / ٨٦٢٤
ردمك : ٠ - ٤١ - ٨٠١٣ - ٦٠٣ - ٩٧٨

الصف والإخراج : **شعبة توعية الجاليات بالزلفي**

# محتويات الكتاب
## किताबको बिषयहरू

| | |
|---|---|
| जकातको बिषय | أحكام الزكاة |
| खाद्य वस्तुहरूको बिषय | أحكام الأطعمة |
| पोशाकको बिषय | أحكام اللباس |
| विवाहको बिषय | أحكام النكاح |

# أحكـــام الزكـــاة
# जकातको बिषय

## जकात अर्थात दानको हुकुम ।

जकात ईस्लामको तेश्रो आधार हो, र यो नेसाबको मालिक भएको अवस्थामा एक मुस्लि माथि अनिवार्य हुन्छ, अल्लाह तआलाले भन्नु भयो: ﴿ وَأَقِيمُوا۟ ٱلصَّلَوٰةَ وَءَاتُوا۟ ٱلزَّكَوٰةَ ﴾ البقرة: ١١٠ नमाज कायम गर र जकात दिने गर ।

जकातको नियम लागु गर्नमा धेरै लाभहरु छन्, त्यस मध्ये :

१ - आतमाको पवित्रता , कन्जुसयाई र लालच जस्तो चरित्रबाट मुक्ति पाइन्छ ।

२ - एउटा मुस्लिममा दान गर्ने बानी हुन्छ ।

३ - धनी र गरिबको बीचमा प्रेम भावना उतपन्न हुन्छ, किनकि प्राकृतिक रुपले जस्ले दान गर्नु हुन्छ भने त्यस प्रति प्रेम भावना उजागर हुन्छ ।

४ - मुस्लिम समाजमा गरिब व्यक्तिहरुको अवश्यक्ता र जरुरत पुरा हुन्छ ।

५ - मानिसहरुले पापबाट मुक्ति पाउँछन्, किनकि जकातले पाप मेटिन्छ र दर्जा बढाइन्छ ।

## कुन कुराहरूमा जकात अनवार्य हुन्छ? ।

सुन्, चाँदि, व्यापारको सामग्री, जनावर, धर्तिबाट उत्पादन भएको अनाज, फल, र धातुहरुमा जकात अनिवार्य हुन्छ ।

## सुन् र चाँदीको जकात ।

सुन् र चाँदि जे सुकै रुपमा होस तर यदि दानको सिमा सम्म पुगेको छ भने त्यस्मा जकात अनिवार्य हुन्छ, सुन्को नेसाब बीस मिसकाल हो जो कि ८५ ग्रामको बराबर हुन्छ, र चाँदिको

नेसाब दुइ सय नबवी दिर्हम हो जो कि ५९५ ग्राम बराबर हुन्छ, तसर्थ यदि कोही सुन् अथवा चाँदिको नेसाबको मालिक छ भने त्यस माथि २.५% जकात लाग्ने छ, फेरि यदि जकात नगद मुद्रामा दिन चाहनु हुन्छ भने सुन् र चाँदि माथि एक वर्ष बितिसके पछि त्यस्को हालको मुल्य सोधने र त्यस अनुसार राष्ट्रय मुद्रामा जकात दिने, उदाहरणका लागि :
कुनै व्यक्तिले यदि १०० ग्राम सुन्को मालिक छ भने एक वर्ष बिते पछि त्यस माथि जकात अनिवार्य हुन्छ, किन भने त्यो नेसाबको मालिक भएको छ र त्यस्मा ढाइ ग्राम जकात लाग्ने छ, तर यदि नगद मुद्रामा जकात दिन चाहनु हुन्छ भने एक वर्ष बिते पछि त्यस्को मुल्य सोधनु पर्छ र जम्मा सुन्लाई ग्रामको मुल्यमा गुणा गर्नु पर्छ, फेरि त्यस्मा २.५% जकात दिनु पर्छ, र चाँदिमा पनि त्यस्तै गर्नु पर्छ।
त्यस्तै मुद्रामा पनि जकात अनिवार्य हुन्छ यदि नेसाब सम्म पुगेको छ र एक वर्ष बितिसकेको छ भने, तसर्थ जुन् सुकै व्यक्ति सँग ८५ ग्राम सुन्को मुल्य बराबर मुद्रा छ भने त्यस माथि जकात लागु हुन्छ, र २.५% जकात दिनु पर्छ, यसो भए एक मुस्लिम सँग यदि रुपया पैसा छ र त्यस माथि एक वर्ष बितिसकेको छ भने सोनार सँग ८५ ग्राम सुन्को मुल्य सोधनु पर्छ, यदि त्यती रुपैया उ सँग छ भने त्यस्मा जकात दिने र यदि त्यस भन्दा कम छ भने त्यस्मा जकात लागदैन, उदाहरणका लागि यदि कसै सँग ८०० रियाल छ र त्यस माथि एक वर्ष बितिसकेको छ भने त्यस्लाई एक ग्राम चाँदिको मुल्य सोधनु पर्छ यदि उस्को देषमा मुद्राको वयल्यु चाँदिले तै हुन्छ भने र त्यस अनुसार यदि ५९५ ग्राम चाँदिको मुल्य ८४० रियाल हुन्छ भने त्यस्मा जकात लागदैन, किन भने उ सँग भएको रुपया अझै

नेसाब सम्म पुगेको छैन, जो कि ५९५ ग्राम चाँदिको मुल्य हो, र सुन्को बारेमा पनि यस्तै गर्नु पर्छ।

## व्यापारको सामग्रीमा जकात।

मुस्लिम समुदायमा जुन् धनी व्यापारिहरु छन् र आफनो सम्पति व्यापारमा लगाएको छ भने उनीहरु माथि अल्लाहको कृतज्ञता प्रकट गर्नका लागि र आफनो गरिब दाजु भाइहरु सँग वफादारी व्यक्त गर्नका लागि बार्षिक जकात अनिवार्य हुन्छ, व्यापारको सामग्रीमा यस्तो सबै वस्तुहरु सामिल छन् जुन् फायदा राखि खरिद बिकिका लागि तयार गरिएका हुन्छ, जस्तो कि जग्गा, जनावर, खाना, पानी, वाहन, र इत्यादि, यस्मा जकातको शर्त यो हो कि त्यस्को मुल्यांकन सुन् र चाँदि मध्ये कुनै एक बमोजिम नेसाब सम्म पुगेको होस, र त्यस्को जम्मा मुल्यमा २.५% जकात लाग्ने छ, उदाहरणको लागि यदि कोही एक लाख रियालको मुल्यांकन बराबर व्यापारको सामानको मालिक छ भने त्यस माथि २५०० रियाल लाग्ने छ, खरिद बिकि गर्नका लागि खोलिएको पसलको मालिकहरु माथि जरुरि छ कि प्रत्यक सालको शुरुमा आफु सँग भएको व्यापारको सामानलाई मुल्यांकन गरोस, र फेरि त्यस्को जकात अदा गरोस, र यदि कुनै व्यापारिले एक वर्ष बितने भन्दा मात्र दस दिन पहिला थप सामग्री खरिद गर्नु भएछ भने अरु समाग्री समेत त्यस्को पनि जकात दिनु पर्छ, र त्यस्को बार्षिक हिसाब त्यो दिन देखि नै शुरु हुन्छ जुन दिन देखि त्यो व्यापार शुरु भएको छ, र जकात चाहिं बार्षिक हुन्छ अर्थात हरेक मुस्लिमलाई वर्षमा एक चोटि आफनो धन सम्पतिमा जकात दिनु पर्छ।

जुन जनावरहरुलाई चारा दिनु पर्छ र त्यो व्यापारको लागि छ भने त्यस्मा जकात लागु हुन्छ, त्यस्को संख्या नेसाब सम्म पुगोस

अथवा न पुगोस, यदि नगदमा त्यस्को मुल्य नेसाब नांघि सकेको छ भने जकात दिनु पर्छ।

## शेयरको जकात।

हालको समयमा मान्छेहरु जग्गा आदिहरुमा शेयरको खरिद बिकि गरिन्छ, र त्यस मध्ये कति व्यक्तिहरु केही बर्षका लागि आफनो कम अथवा अधिक रुपया पैसा जम्मा गरेर छोडदिन्छ, यस्तो भएको अवस्थामा ती सबै शेयरहरुमा जकात लाग्ने छ, किन भने ती सबै व्यापारको सामग्रीको गिण्तिमा हुन्छ, तसर्थ एक मुस्लिमलाई प्रत्यक वर्ष ती सबै शेयरहरुको मुल्यांकन गरि त्यस्मा जकात दिनु पर्छ।

## धर्तिबाट उत्पादन भएको अनाजमा जकात।

अनाज र फलहरु मध्ये जस्को ओजन हुन्छ र अधिक समय सम्मका लागि राख्न सकनु हुन्छ भने त्यस्मा जकात लागछ, जस्तो कि खजुर, किस्मिस, गहुँ, जौ, र चामल, इत्यादि, तर कच्चा फल, र साग सब्जिमा जकात अनिवार्य हुँदैन, र नेसाब सम्म पुगे पछि मात्र अनाजमा जकात लागु हुन्छ जो कि ६१२ किलो हो, जकातको यस किसम्मा बर्ष लागनु जरुरि छैन, बरु जब दाना सखत भइहाल्छ र फल ठुलो भइहाल्छ भने त्यस्मा जकात अनिवार्य भइहाल्छ, फेरि यदि त्यस्को सिंचाइ बर्खा अथवा नहरबाट भएछ अर्थात किसानले आफै मेहनत गरि सिंचाइ गर्नु भएछैन भने त्यस्मा दसौं भाग लाग्ने छ, तर यदि किसानले आफै मेहनत गरि सिंचाइ गर्नु भएछ भने त्यस्मा बिसौं भाग लाग्ने छ, यस्को उदाहरण यस्तो छ कि यदि कोही गहुँको खेति गर्नु भयो र त्यस्बाट ८०० किलो महसुल भयो भने त्यस्मा जकात लाग्ने छ, किनकि गहुँको नेसाब ६१२ किलो हो, र त्यस्मा दसौं भाग लाग्छ जुन् ८० किलो हुन्छ, यदि आफनो मेहनतले

सिंचाइ गर्नु भएछैन, तर यदि आफै मेहनत गरि सिंचाइ गर्नु भएछ भने त्यस्मा बिसौं भाग लाग्नेछ जुन् ४० किलो हुन्छ ।

## जनावरहरूमा जकात।

जनावर भन्नाले उँट, गाई, भेडा, र बाखाहरु बुझिन्छ, र यदि निम्नमा दिएको शर्तहरु पाइएको छ भने मात्र जकात अनिवार्य हुन्छ ।

१ - नेसाब सम्म पुगने, सबभन्दा कम नेसाब उँटमा पाँच, भेडा र बाखामा चालीस, र गाईमा तीस हो, यस भन्दा कममा जकात छैन ।

२ - मालिकको कब्जामा पुरा एक साल सम्म रहने ।

३ - साएमा हुने, अर्थात जुन जनावरहरुले सालको अधिक समय आफै चरने गर्नु हुन्छ, तर जुन जनावरहरुलाई चारा दिनु पर्छ अथवा जस्को लागि उस्को मालिकले चारा खरिद गर्नु हुन्छ अथवा थन्कयाएर राखनु हुन्छ भने त्यस्मा जकात लाग्ने छैन, बरु जुन जनावरहरु अधिक समय आफै चरने गर्नु हुन्छ भने त्यस्मा मात्र जकात अनिवार्य हुन्छ ।

४ - प्रयोगमा राखिएको जनावर नहोस,जस्तो कि जोत अथवा सवारिमा प्रयोग गर्नको लागि ।

## उँटमा जकात।

उँटमा जकात अनिवार्य हुन्छ यदि नेसाव सम्म पुगेको छ भने, र त्यस्को नेसाव चाहिं पाँच हो, तसर्थ यदि कुनै मुस्लिमले ५ देखि ९ उँटको मालिक छ, र एक वर्ष देखि उस्को कब्जामा छ भने त्यस्मा १ बाखा दिनु पर्छ, र यदि १० देखि १४ सम्मको मालिक छ भने त्यस्मा २ बाखा दिनु पर्छ, र यदि १५ देखि १९ सम्मको मालिक छ भने त्यस्मा ३ बाखा लागछ, र यदि २० देखि २४ सम्मको मालिक छ भने त्यस्मा ४ बाखा लागछ, र यदि २५ देखि ३५ सम्मको मालिक छ भने त्यस्मा बिन्ते मखाज अर्थात

एक बर्षको उँटनी दिनु पर्छ, तर यदि त्यो छैन भने इब्ने लबुन अर्थात दुइ बर्षको उँट पनि दिन सकनु हुन्छ, र यदि ३६ देखि ४५ सम्मको मालिक छ भने त्यस्मा बिन्ते लबुन अर्थात दुइ बर्षको उँटनी लागछ, र यदि ४६ देखि ६० सम्मको मालिक छ भने त्यस्मा हिक्का अर्थात तीन बर्षको उँट लागछ, र यदि ६१ देखि ७५ सम्मको मालिक छ भने त्यस्मा जिज्आ अर्थात चार बर्षको उँट लागछ, र यदि ७६ देखि ९० सम्मको मालिक भने त्यस्मा २ बिन्ते लबुन अर्थात दुइ बर्षको २ उँटनी दिनु पर्छ, र यदि ९१ देखि १२० सम्मको मालिक छ भने त्यस्मा २ हिक्का अर्थात तीन बर्षको २ उँट लागछ, र यदि त्यस भन्दा अधिक छ भने प्रत्यक ४० मा बिन्ते लबुन र प्रत्यक ५० मा हिक्का लागने छ, निम्न सूची द्वारा उँटमा जकातको कैफियत बयान गरेको छ।

| संख्या | | जकात | संख्या | | जकात |
|---|---|---|---|---|---|
| देखि | सम्म | | देखि | सम्म | |
| ५ | ९ | १ बाखा | ३६ | ४५ | बिन्ते लबुन |
| १० | १४ | २ बाखा | ४६ | ६० | हिक्का |
| १५ | १९ | ३ बाखा | ६१ | ७५ | जिज्आ |
| २० | २४ | ४ बाखा | ७६ | ९० | २ बिन्ते लबुन |
| २५ | ३५ | बिन्ते मखाज | ९१ | १२० | २ हिक्का |

र यदि त्यस भन्दा अधिक छ भने प्रत्यक चालीसमा बिन्ते लबुन र प्रत्यक पच्चसमा हिक्का ।

## गाईमा जकात।

यदि कोही ३० देखि ३९ सम्मको गाईको मालिक छ भने त्यस्मा इज्ल तबीअ अर्थात एक बर्षको बाछा लागने छ, र यदि ४० देखि ५९ सम्मको मालिक छ भने त्यस्मा मोसिन्नह अर्थात दुइ बर्षको गाई लागने छ, र यदि ६० देखि ६९ सम्मको मालिक छ भने त्यस्मा २ तबीअ अर्थात एक बर्षको २ बाछा लागने छ, र यदि

७० देखि ७९ सम्मको मालिक छ भने त्यस्मा १ मोसिन्नह अर्थात दुइ बर्षको गाई र १ तबीअ अर्थात एक बर्षको बाछा लाग्ने छ, फेरि प्रत्यक ३० गाईमा १ तबीअ र प्रत्यक ४० गाईमा १ मोसिन्नह लाग्ने छ, र त्यस भन्दा अधिकमा यही हिसाब लाग् हुन्छ।

| संख्या | | जकात |
|---|---|---|
| देखि | सम्म | |
| ३० | ३९ | तबीअ |
| ४० | ५९ | मोसिन्नह |
| ६० | ६९ | २ तबीअ |
| ७० | ७९ | १ मोसिन्नह र १ तबीअ |

## भेड बाख्रामा जकात

यदि कोही ४० देखि १२० सम्मको भेडाको मालिक छ भने त्यस्मा १ बाखा लाग्ने छ, र यदि त्यस भन्दा एउटा पनि अधिक भयो भने २०० सम्म २ बाखा लाग्ने छ, र यदि त्यस भन्दा एउटा पनि अधिक भयो भने ३९९ सम्म ३ बाखा लाग्ने छ, र यदि त्यस भन्दा एउटा पनि अधिक भयो भने ४९९ सम्म ४ बाखा लाग्ने छ, र यदि त्यस भन्दा एउटा पनि अधिक भयो भने ५९९ सम्म ५ बाखा लाग्ने छ, फेरि प्रत्यक १००मा १ बाखा लाग्ने छ ।

| संख्या | | जकात |
|---|---|---|
| देखि | सम्म | |
| ४० | १२० | १ बाखा |
| १२१ | २०० | २ बाखा |
| २०१ | ३९९ | ३ बाखा |
| ४०० | ४९९ | ४ बाखा |
| ५०० | ५९९ | ५ बाखा |

फेरि त्यस भन्दा जति अधिक हुन्छ भने प्रत्यक १००मा १ बाखा।

## जकातको हकदार।

अल्लाह सुब्हानहु वतआलाले भन्नु भयो: ﴿ إِنَّمَا ٱلصَّدَقَٰتُ لِلْفُقَرَآءِ وَٱلْمَسَٰكِينِ وَٱلْعَٰمِلِينَ عَلَيْهَا وَٱلْمُؤَلَّفَةِ قُلُوبُهُمْ وَفِى ٱلرِّقَابِ وَٱلْغَٰرِمِينَ وَفِى سَبِيلِ ٱللَّهِ وَٱبْنِ ٱلسَّبِيلِ فَرِيضَةً مِّنَ ٱللَّهِ وَٱللَّهُ عَلِيمٌ حَكِيمٌ ﴾ التوبة: ٦٠ सदका (जकात) मात्र गरीब र निमुखाहरुका लागि हुन् र जो यस कामका लागि नियुक्त गरिएका हुन्, र उनीहरुका लागि जस्को हृदयलाई आकर्षित गर्न र रिझाउन अभिष्ट हुन्छ, र दासहरुलाई मुक्त गर्नमा, र ॠणिहरुको ॠण तिरनमा, र अल्लाहको बाटोमा, र यात्रिहरुको सहायतामा, यो अल्लाहको तर्फबाट पठाइएको अनिवार्य आदेश हो, अल्लाह सबै कुरा जान्नेवाला अत्यन्त तत्वदर्शी छ।

अल्लाह तआलाले यहाँ आठ किसीम बयान गरेकोछ जस मध्ये प्रत्येक किसीमले जकातको हकदार हुनेछ, ईस्लाममा जकात चाहिं समाज र अवश्यक्ता परेका मानिसहरुको लागि छन्, अरु धर्महरु जस्तो मात्र धार्मिक मानिसहरुको साथ खास छैन, जकातको हकदार यिनीहरु छन्।

१ - लाचार, त्यो व्यक्ति जुन् आफनो अवश्यक्ताबाट आधा भन्दा पनि कम पाइरहेकोछ।

२ - गरीब, त्यो व्यक्ति जुन् आफनो आवश्यक्ताबाट आधा भन्दा अधिक पाइरहेकोछ तर प्रयाप्त मात्रामा होइन, तसर्थ यस्तो व्यक्तिहरुले केही महिनाका लागि अथवा साल भरका लागि जकात पाउनेछ।

३ - जकातका लागि नियुक्त गरिएका व्यक्तिहरु, त्यो व्यक्ति जस्लाई हाकिमले जकात जम्मा गर्नका लागि नियुक्त गरेको छ,

यस्तो व्यक्तिहरुले धनी भएर पनि आफनो काम र हैसियतको अनुसार जकातबाट मजदुरी लिन पाइन्छ ।

४ - आकर्षित गर्ने र रिझाउने कर्ममा, यस्तो नेताहरु जुन् आफनो समुहमा लोक प्रिय छन्, उनीहरु मध्ये यदि कोहि मुस्लिम हुन चाहनु हुन्छ अथवा जस्को दुष्ट व्यवहारबाट मुस्लिम समुदार्यलाई सुरक्षित राखनु पर्ने छ, त्यस्तै नया मुस्लिमहरुलाई रिझाउनको लागि र उनीहरको मनमा ईमानलाई ठोस गर्नको लागि पनि जकातको प्रयोग हुन्छ ।

५ - त्यस्तै दासहरुलाई शत्रुबाट मुक्त गराउने कर्ममा पनि जकात प्रयोग हुन्छ ।

६ - श्रणिहरु, त्यो व्यक्ति जस माथि श्रण छ, यस्तो व्यक्तिहरुले श्रण तिरनको लागि जकात पाइन्छ, यस शर्तका साथ कि त्यो मुस्लिम होस र श्रण तिरनको क्षमता नहोस, त्यस्तै पापको लागि लिएको श्रण नहोस, र श्रण तिरने समय आइसकेको होस ।

७ - अल्लाहको बाटोमा, त्यो मोजाहिद अर्थात धर्म युद्धमा लागेका व्यक्ति जुन् बिना तलबले सित्तैमा धर्म युद्ध गरिरहनु भएकोछ भने उनीहरु जकात पाउनेछन् अथवा उनीहरुको लागि हत्यार खरिद गर्नमा पनि जकातको पैसा प्रयोग हुनसक्छ, र धार्मिक शिक्षा प्राप्त गर्नु पनि जिहाद अन्तर्गत आउँछ, तसर्थ यदि कुनै व्यक्तिले सबै कुराहरुलाई त्यागेर धार्मिक शिक्षा प्रति गर्नका लागि आफुलाई समर्पित गरिसक्नु भएछ भने त्यस्लाई अवश्यक्ता अनुसार जकात दिनु जायज छ ।

८ - यात्री, यस्तो यात्री जुन् बीच बाटोमा फसेकोछ र घर सम्म पुग्ने कुनै साधन छैन, र यस्तो व्यक्तिले आफनो ईलाकामा धनी भएर पनि घर सम्म पुग्ने साधन बमोजिम जकात पाइन्छ ।

**तर मस्जिद बनाउनको लागि, बाटो मरम्मत गर्नको लागि, र अरु यस्तै कुनै कार्यको लागि जकात दिनु जायज छैन ।**

## नोट।

१ - समुद्रबाट निस्केको वस्तुहरुमा जकात छैन, जस्तो कि हिरा, मोती, र माछा, इत्यादि, तर यदि व्यापारको लागि राखिएको छ भने त्यस्मा जकात लाग्नेछ।

२ - त्यस्तै भाडामा दिएको कोठा र उधोगहरुमा जकात छैन, बरु जकात चाहिं बर्ष लागे पछि फायदामा लाग्छ, जस्तो कि यदि कोही घर भाडामा दिएको छ र त्यस्को भाडा उठाइ रहेछ, र त्यो भाडाको जम्मा पैसा अथवा कम्तिमा नेसाब सम्म पुगेको पैसामा साल लागि सकेको छ भने त्यस्मा जकात अनिवार्य हुन्छ।

# أحكام الأطعمة
# खाद्य वस्तुहरूको बिषय

अल्लाह सुब्हानहु व तआलाले आफनो सेवकहरुलाई पवित्र वस्तुहरु खानको आदेश दिएको छ र फोहर र अपवित्र वस्तुहरुबाट मनाहि गरेको छ, अल्लाह तआलाले भन्नु भयो:

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُوا۟ كُلُوا۟ مِن طَيِّبَٰتِ مَا رَزَقْنَٰكُمْ ﴾ البقرة: ١٧٢ हे आस्थावानहरु ! जुन पवित्र कुराहरु हामीले तिमीलाई प्रदान गरेका छौं तीनको उपभोग गर । असलमा सबै खाने कुराहरु हलाल छन् मात्र त्यस बाहेक जस्लाई अल्लाहले छुटयाइएको छ, तसर्थ अल्लाहले आफनो मोमिन सेवकहरुलाई लाभ पुर्याउनको लागि पवित्र कुराहरुको अनुमति दिएको छ, र यसै कारण अल्लाहले प्रदान गरेको उपहारलाई पापको कार्यमा प्रयोग गर्नु जायज छैन, बर्जित गरिएको खान पीनबारे अल्लाहले आफनो सेवकहरुलाई तपसिल पुर्वक जानकारि दिनु भएकोछ, अल्लाह तआलाले भन्नु भयो : ﴿ وَقَدْ فَصَّلَ لَكُم مَّا حَرَّمَ عَلَيْكُمْ إِلَّا مَا ٱضْطُرِرْتُمْ إِلَيْهِ ﴾ الأنعام: ١١٩ तिम्रो लागि बर्जित गरिएका सबै कुराहरु एक एक गरी वर्ण गरी सकेको छु, तर त्यस अवस्था बाहेक जब कि ती कुरा खानको निम्ति बाध्य भइहाल्छौं । तसर्थ जस्लाई हराम गरिएको छैन भने त्यो हलाल छ ।

रसुल ﷺले भन्नु भयो «अल्लाहले केहि कुरा अनिवार्य गरेको छ, त्यस्लाई न छोड, र केहि सीमा बन्दि गरेको छ, त्यस्लाई न नांघ, र केहि कुरा हराम गरेको छ, त्यस्लाई न गर, र केहि कुराबारे चुप लागेको छ, तर बिर्सेर होइन बरु तिमीहर प्रति दयाको कारणले, तसर्थ त्यस्को खोज पुछार नगर» (अत्तबरानी) ।

खाने पीउने, लगाउने वस्तुहरु मध्ये यस्तो हरेक वसतु जस्लाई अल्लाह र रसुल ﷺ ले हराम गरेको छैन भने त्यस्लाई हराम गर्नु जायज छैन, नियम यो हो कि त्यो हरेक खाना जुन पवित्र छ र जस्मा कुनै प्रकारको हानी छैन भने त्यो जायज छ, र अपवित्र र हानीकारक खाना जायज छैन, जस्तो कि मरेको जनावर, रगत, रक्सी, र चुरोट, र अपवित्रताको मिश्रणको कारणले अपवित्र भएको वस्तु पनि हराम छ किनकि त्यो खराब र हानीकारक छन् । र हराम मुर्दा जनावर त्यो हो जस्को प्राण ईस्लामी नियमले जिबह गरेको बिना गएको होस, र रगत भनेको त्यो रगत जुन् जिबह गर्ने समय जनावरबाट बगिएको हो, तर जिबह गरे पछि मासु र नसाहरुमा बाँचेका रगत जायज छ ।

जायज खाद्‌यहरु दुइ प्रकारका छन्, जनावरहरु, र साग सब्जीहरु, त्यस मध्ये जुन हानीकारक छैन भने त्यो जायज छ, फेरि जनावरहरु दुइ प्रकारका छन्, धर्तिमा बसने जनावर र समुद्रमा बसने जनावर, समुद्रमा बसने सबै जनावर हलाल छन् त्यस्को लागि जिबहको शर्त पनि छैन, बरु समुद्रको मुर्दा पनि जायज छ, र धर्तिमा बसने जनावरहरु जायज छं, तर जुन खास किसमको जनावरहरुलाई ईसलामले हराम गरेको छ त्यस बाहेक, र त्यो यस प्रकार छन् -

१ - घरेलु गदहा ।

२ - यस्तो जनावरहरु जस्को लामो र तीखो शिकार गर्ने दाँत हुन्छ, मात्र एउटा खास किसमको जनावर बाहेक जस्लाई अंग्रेजीमा **(Hyaena)** भनिन्छ ।

पंक्षीहरु सबै जायज छन् मात्र तोकिएको पंक्षीहरु बाहेक, जस्तो कि :

१ - यस्तो पंक्षीहरु जुन् आफनो पन्जाले शिकार गर्छन्, इब्ने अब्बास رضي الله عنه ले भन्नु भयो कि ‹‹रसुल ﷺ ले हरेक लामो र तीखो

दाँत भएको जनावर र हरेक पन्जा भएको पंक्षीबाट मनाहि गरेको छ›› (मुस्लिम- १९३४)

२ - यस्तो पंक्षीहरु जुन् मुर्दा खान्छन्, जस्तो कि गीध, चिल, र कव्वा, किन भने त्यस्ले फोहर खाने गर्छन् ।

र घृणात्मक जनावरहरु पनि हराम छन् जस्तो कि सर्प, मुसो, र किराहरु।

उल्लेख जनावर र पंक्षीहरु बाहेक सबै हलाल छन्, जस्तो कि घोडा, चार खुट्टे जनावरहरु, कुखुरा, बन्को गदहा, हरीण, चरो, खरायो, र इत्यादि । र त्यस मध्ये जस्को चारा अधिक समय अपवित्रकुराहरु हुन्छ भने त्यस्को मासु हराम गरिएको छ, र त्यस्लाई तीन दिन सम्म बाँधेर मात्र पवित्र चारा दिनु पर्छ ।

प्याज, लहसुन्, र यस प्रकारको अरु कुनै गन्ध आउने वस्तुहरु खाएर मस्जिदमा जानु उचित छैन। कुनै व्यक्तिले यदि हराम वस्तु खानुको लागि बाध्य भयो जस्तो कि यदि त्यो खाएन भने ज्यान जांन सक्छ भने यस्तो अवस्थामा बिष बाहेक अरु कुनै पनि हराम वस्तु त्यति मात्रामा खानु जायज छ जतिले आफनो ज्यान जोगाउनु सम्भव हुन्छ । र जस्ले कुनै बगैचाको रुखमा लागेको अथवा झडेको फलको नजिबाट जानु भयो र त्यस बागैचामा दिवार पनि छैन र देखभाल गर्ने कुनै व्यक्ति पनि छैन भने त्यस्को फल खान पाइन्छ तर बोकनु मिलदैन, त्यस्तै रुख माथि चढनु, झट्टा फालनु, र जम्मा गरेको फलबाट खानु जायज छैन, तर मात्र अवश्यक्ता अनुसार ।

## जिबहको हुकुम।

धर्तिमा बसने जनावरहरु तब मात्र हलाल हुन्छन् जब त्यो ईस्लामी तरिकाले जिबह गरेको हुन्छ, जिबह भन्नाले - धरतिमा बसने र खान पाइने जनावरको कण्ठ र नाडीलाई काटनु हो, जुन जनावरहरुलाई यस्तो जिबह गर्नु सम्भव छैन भने त्यस्लाई

छुरि घोंपेर जिबह गर्ने । र जुन नजावरहरुलाई जिबह गर्नु सम्भव छ भने त्यस्लाई बिना जिबहकै खानु जायज हुँदैन, किन भने जिबहको बिना जनावर मुर्दा घोषित हुन्छ ।

## जिबहमा केहि शर्तहरू राखिएका छन ।

१ - जिबह गर्नको लागि सक्षम हुनु पर्ने, यस प्रकार कि बुद्धिमान होस, अल्लाह तर्फबाट उतारिएको धर्म प्रति ईमान राखेको होस, अर्थात मुस्लिम अथवा अहले किताब (यहुदि र कशचन) होस, पागल, नसा गरेको व्यक्ति, र बुद्धि न भएको बच्चाहरुको हातबाट जिबह गरिएको जनावर जायज छैन, किन भने बुद्धि न हुनको कारणले उनीहरुबाट जिबहको नियत नै सही हुँदैन । त्यस्तै मुर्ती, आगो, अथवा कबर पुजनेहरुको जिबह पनि हलाल हुँदैन ।

२ - हत्यार उपस्थित हुनु पर्ने, फलामको, अथवा ढुँगाको, अथवा अरु कुनै वस्तुको रगत बगाउन सकिने धारिलो छुरीले जिबह गर्नु जायज छ,तर हाड र नङले जिबह गर्नु जायज छैन ।

३ - कण्ठलाई काट्नु पर्ने, कण्ठ भनेको साँस लिने बाटो हो, नाडिलाई पनि काटनु पर्छ, र त्यो खान पीनको बाटो हो, र दुवै नसाहरु मध्ये एउटालाई काट्ने ।

जिबहको लागि तोकिएको यो ठाउँ र खास गरि ती कुराहरुलाई काटने, र त्यस्को फायदा यो हो कि यस्तो गरेमा रगत बगिहाल्छ, किन भने त्यो ठाउँ सबै नासाहरुको संगम हुन्छ र ज्यान पनि छिटो जान्छ, मासु पनि मिठो हुन्छ र जनावरलाई पनि सहज र सजिलो हुन्छ। र जुन जनावरहरुलाई समातनु सम्भव छैन र उल्लेख ठाउँमा जिबह गर्नु पनि सम्भव छैन जस्तो कि शिकारको जनावर इत्यादि भने त्यस्को शरिरको कुनै अंगलाई घाइते गर्नाले त्यस्को जिबह भइहाल्छ, घाटि अठ्याएर, चोट लागेर, अग्लो ठाउँबाट लडेर, र सिंगको प्रहार भएर

मारेको, र कुनै हिंसक पशुबाट शिकार भएको जनावरहरुलाई खानु जायज छ यदि जिवित अवस्थामा जिबह गरिएको छ भने ।

४ - जिबह गर्ने समय (بسم الله) भन्ने, र साथै (الله اكبر) भन्नु पनि सुन्नत छ ।

## जिबहको नितीशास्त्रहरू ।

१ - जनावरलाई बिना धारिलो चक्कुले जिबह गर्नु उचित छैन ।

२ - जनावरको आँखा अगाडि छुरिमा धार चढाउनु उचित छैन ।

३ - जनावरलाई काबा बाहेक अरु कुनै दिषमा जिबह गर्नु उचित छैन ।

४ - प्राण छुट्ने भन्दा पहिला घाटि तोडनु, र छाला काढनु उचित छैन ।

गाई र बाखाहरुलाई बायाँ तिर सुताएर जिबह गर्नु, र उँटको बायाँ खुट्टा बाँधेर उभिएको अवस्थामा जिबह गर्नु सुन्नत हो। अधिक जानकारि त अल्लाहलाई नै छ ।

## शिकार ।

यदि अवश्यक्ता छ भने शिकार गर्नु जायज छ, तर मात्र खेलकुदको लागि शीकार गर्नु उचित छैन, घाइते भए पछि समातिए सम्म शिकार दुइ अवस्थामा हुन्छ ।

१ - यदि जिवित अवस्थामा समातियो भने त्यस्लाई जिबह गर्नु अनिवार्य छ ।

२ - यदि मृत्यु अवस्थामा अथवा अन्तिम अवस्थामा पाइयो भने त्यो हलाल हुन्छ ।

र जिबहको लागि जे शर्त राखिएको छ त्यहि शिकारको लागि पनि राखिएको छ ।

१ - बुद्धिमान, मुस्लिम, अथवा अहले किताब होस, तसर्थ कुनै मुस्लिमको लागि पागल, नसा गरेको, र मुर्ती र आगो पुजने व्यक्तिहरुको शिकार खानु जायज छैन ।
२ - शिकार गर्ने हत्यार धारिलो होस, जस्ले रगत बगाउनु हुन्छ, तर नाङ र दाँत (सबै प्रकारको हाड) द्वारा नहोस, शिकारलाई हत्यारको धारले घाइते गरेको होस, ओजनले होइन, र शिकारी कुकुर र पंक्षीबाट मारिएको शिकार खानु जायज छ यदि त्यस्लाई शिकारको तालीम दिएको छ भने।
**र त्यस्को तालीम यो हो कि** यदि त्यस्लाई शिकारको लागि छोडियो भने गएर शिकारलाई समातेर राख्छ र मालिक आइ पुगने सम्म त्यस्लाई आफनो लागि होइन बरु मालिकको लागि सुरक्षित राख्नु हुन्छ ।
३ - शिकारको उदेश्यले हथियार चलाउने, तसर्थ हत्यार यदि आफै हातबाट लडेर कुनै शिकारलाई मार्यो भने त्यो हलाल हुँदैन, किन भने यसमा शिकारको उदेश्य थिएन, त्यस्तै यदि कुकुर आफै गएर शिकार मार्यो भने हलाल हुँदैन, किन भने मालिकले त्यस्लाई पठाउनु भएछैन, र शिकारको इच्छा पनि जनाइएको छैन, र यदि कसैले शिकार माथि गोली प्रहार गर्नु भयो तर गोली चाहिं अर्के शिकारलाई लागयो अथवा एक भन्दा अधिक शिकारलाई लागयो भने सबै हलाल हुन्छ ।
४ - तीर चलाउँदा र शिकारी जनावर पठाउँदा (بسم الله) भन्ने, र साथमा (الله اكبر) भन्नु पनि सुन्नत हो ।

*नोट* - रसुल ﷺ द्वारा अनुमति प्राप्त भएको कार्य बाहेक अरु कुनै कार्यमा कुकुर पालनु हराम छ, र त्यो तीन कुरा मध्ये एउटा हो, शिकार गर्नको लागि, अथवा जनावरहरुमा पहरा दिनको लागि, अथवा खेतीमा पहरा दिनको लागि ।

# أحكـــام اللبـــاس
# पोशाकको बिषय

ईस्लाम चाहिं सुन्दर्ता र सफाइको धर्म हो, मुस्लिमलाई सुन्दर र सोहाँउदो रुपमा प्रकट हुनको अनुमति दिएको छ बरु त्यस प्रति प्रेरित गरेकोछ, अल्लाह तआलाले शरिरलाई छोपनको लागि र सुन्दर्ता प्राप्त गर्नको लागि पोशाकको सृष्टि गर्नु भयो, अल्लाह तआलाले भन्नु भया ﴿ يَٰبَنِيٓ ءَادَمَ قَدۡ أَنزَلۡنَا عَلَيۡكُمۡ لِبَاسٗا يُوَٰرِي سَوۡءَٰتِكُمۡ وَرِيشٗاۖ وَلِبَاسُ ٱلتَّقۡوَىٰ ذَٰلِكَ خَيۡرٞۚ ذَٰلِكَ مِنۡ ءَايَٰتِ ٱللَّهِ لَعَلَّهُمۡ يَذَّكَّرُونَ ﴾ الأعراف: ٢٦ हे आदमका सन्तान ! हामीले तिम्रो लागि पोशाक बनायौं जस्ले तिम्रो गुप्तांङ्गहरुलाई ढांकिन्छ र प्वांख पनि बनायौं, र उत्तम पोशाक सत्यनिष्ठता नै हो, यो अल्लाहको निशानीहरु मध्ये एक हो, ताकि मानिसहरु याद गरुन ।

असलमा सबै लुगाहरु हलाल छन् मात्र त्यस्तो लुगाहरु बाहेक जुन् स्पष्ट शुलोकहरु द्वारा बर्जित गरिएको छ, ईस्लामले कुनै खास किसमको पोशाक तोकिएको छैन कि त्यस्लाई नै लगाउनु पर्छ, तर केहि यस्तो नियम कानुन र अनुशासन राखेको छ जस्को पालन एउटा मुस्लिमको पोशाकमा अवश्य हुनु पर्छ, र त्यस मध्ये :

१ - गुप्तांङ्गहरुलाई छोपनेवाला होस, शरिरको आकारलाई स्पष्ट गर्नेवाला नहोस ।

२ - नास्तिकहरु अथवा कुनै खास किसमको पापमा प्रशिद्ध व्यक्तिहरुको रुपमा प्रकट हुनको लागि लगाइएको न होस ।

३ - त्यस्मा फोजुलखर्च गरेको न होस ।

तसर्थ यदि यो सबै नियमहरु पोशाकमा उपलब्ध छ भने आफनो अवश्यक्ता र समाजमा चलन अनुसार जुन सुकै पोशाक लगाउन

पाइन्छ, र जुन प्रकारको लुगाहरुबाट मनाहि गरेको छ त्यो निम्न अनुसार छ :

१ - पुरुषहरुको लागि रेशम र सुन्को प्रयोग, तर महिलाहरुको लागि जायज छ, अली बिन अबुतालिब ﷺको हदिसमा छ कि नबीﷺ आफनो दायाँ हातमा रेशम र बायाँ हातमा सुन् राखि भन्नु भयो «यो दुवै वस्तु मेरो समुहको लोगने मानिसहरुको लागि हराम गरिएको छ» (अन्नेसाई, अबुदाऊद, इब्ने माजा) तर पुरुषहरुको लागि चाँदिको औंठि लगाउनमा कुनै हर्ज छैन र कुनै यस्तो प्रकारको लुगा लगाउनमा पनि कुनै हर्ज छैन जस्मा अलिगति चाँदि टाँसिएको छ र समाजमा यस्तो लुगा लगाउने चलन भएको छ।

२ - यस्तो प्रकारको लुगा लगाउने जस्मा कुनै प्राणी वस्तुको चित्र होस, तसर्थ एउटा मुस्लिमलाई कुनै यस्तो लुगा लगाउनु जायज छैन जस्मा मनुष्य अथवा जनावरको चित्र होस, यधापि त्यो लुगामा होस, अथवा गहनामा होस, अथवा अरु कुनै पनि लगाउने वस्तुमा होस, हजरत आएशाको हदिस छ कि वहाँले एउटा गलैंचा किन्नु भई जस्मा बिभिन्न चित्रहरु थियो, जब रसुल ﷺले त्यस्लाई देख्नु भयो त ढोका मै उभिराख्नु भयो र भित्र आउनु भएन, हजरत आएशाले भन्छीन् कि मैले वहाँको अनुहारमा घृणा देखे, र त्यस पछि म भने कि हे अल्लाहको रसुल ! म अल्लाहसित र रसुलु ल्लाह सित आफनो पापको क्षमा चाहन्छु, मेरो अपराध चाहिं के छ ? रसुल ﷺले भन्नु भयो «कस्तो हो यो गलैंचा?» त मैले भने कि यो म तपाई कै लागि खरिद गरकी छु ताकि तपाई त्यस माथि बसनु र त्यस्लाई सिरानी राखनु, त रसुल ﷺले भन्नु भयो «प्रलोकमा यस्तो चित्रकारहरुले सजाय पाउँछ, उनीहरुलाई आदेश हुन्छ कि

तिमीले सृष्टि गरेको वस्तुहरुलाई जिवित गर›› फेरि भन्नु भयो ‹‹जुन सुकै घरमा चित्र हुन्छ त्यस्मा फरिशता अर्थात देवदुत प्रवेश गर्दैनन्›› (मुत्तफकुन्अलैह - २१०७, २१०५) ।

३ - पुरुषहरुको लागि घुँडाको तल सम्म लुगा लगाउनु जायज छैन, अबुहोरैरह ﵁को हदिसमा छ कि रसुल ﷺले भन्नु भयो ‹‹जुन सुकै लुँगी घुँडा भन्दा तल सम्म छ भने त्यो आगोमा जान्छ›› (अलबोखारि- ५७८७) यस मनाहि अन्तर्गत कुर्ता, पाइजामा, पैन्ट, च्यादर, र यस्तो हरेक लुगा सामिल छ जुन् गोलीगाठो भन्दा तल हुन्छ, मात्र घमण्डले लगाइएको व्यक्ति सँग खास छैन, तर यदि घमण्डले कोहि यस्तो गर्नु हुन्छ भने त्यस्को लागिसजाय अझै कठिन छ, इब्ने उमर﵁को हदिस हो कि रसुल ﷺले भन्नु भयो ‹‹जुन सुकै व्यक्तिले घमण्डको कारण आफनो लुगा धरतिमा छुवाउँछ भने प्रलोकमा अल्लाहले त्यस्को तर्फ हेरने छैन›› (मुत्तफकुन्अलैह- ३६६५, २०८५) तर महिलाको लागि लामो लुगा लगाउनु अनिवार्य छ ताकि उस्को कदम छोपिएको होस ।

४ - यति पातलो लुगा लगाउनु जायज छैन जुन् गुप्ताङ्गहरुलाई छोपन सक्दैन, अथवा यति फिट लुगा लगाउनु पनि जायज छैन जस्को द्वारा शरिरको आकार स्पष्ट हुन्छ, पुरुष र महिला सबैको लागि ।

५ - महिलाको लागि पुरुष जस्तो लुगा लगाउनु र पुरुषको लागि महिला जस्तो लुगा लगाउनु हराम गरिएको छ, इब्ने अब्बास ﵁को हदिस छ कि ‹‹रसुल ﷺले महिला जस्तो लुगा लगाउने पुरुष र पुरुष जस्तो लुगा लगाउने महिलालाई धुत्कारनु भएकोछ›› (बोखारि- ५८८५)

६ - त्यस्तै काफिर जस्तो लुगा लगाउनु हराम गरिएको छ, तसर्थ एक मुस्लिमको लागि काफिरहरुको खास पोशाक लगाउनु जायज छैन, अब्दुल्लाह बिन अमर बिन अलआसले भन्नु भयो कि रसुल ﷺले मलाई दुइवटा पिला रंगको लुगा लगाएको हेरनु भयो र भन्नु भयो «यो काफिरहरुको लुगा हो यस्लाई तिमी न पहिन» (मुस्लिम- २०७७)

## पोशाकको तरिका र नितीशास्त्रहरू।

१ - नयाँ लुगा लगाउँदा एउटा मुस्लिमको लागि दुआ पढनु सुन्नत छ, अबु सईद अल खुदरि رضي الله عنهको हदिसमा छ कि रसुल ﷺले नयाँ लुगा अर्थात कुर्ता अथवा पगडि लगाउँदा त्यस्को नाम लिएर यो भन्नु हुन्थे « اللَّهُمَّ لَكَ الْحَمْدُ أَنْتَ كَسَوْتَنِيهِ أَسْأَلُكَ مِنْ خَيْرِهِ وَخَيْرِ مَا صُنِعَ لَهُ وَأَعُوذُ بِكَ مِنْ شَرِّهِ وَشَرِّ مَا صُنِعَ لَهُ » हे अल्लाह तिम्रै लागि सम्पुर्ण प्रशंसा छ, तिमीले यो लुगा मलाई पर्दान गर्यो, म तिमीसित यस्को कुशल्ता, राम्रो कुरा तथा जुन थोकको लागि यो बनाइएको छ त्यस्को राम्रो कुरा चाहन्छु, र यस्को न राम्रो कुरा र जुन थोकको लागि यो बनाइएको छ त्यस्को न राम्रो कुराबाट तपाइको शरण पर्दछु ( अबु दाउद- ४०२०)

२ - लुगा लगाउँदा दायाँ तर्फबाट शुरु गर्नु सुन्नत छ, हजरत आएशाले भनेकि छिन् «नबी ﷺ ले आफनो सबै कार्यमा दायाँ तर्फबाट शुरु गर्नु मन पराउँथे, पवित्रता प्राप्त गर्नमा, कङ्घी गर्नमा, र जुता लगाउनमा» (मुत्तफकुन्अलैह- ४२६, २६८) त्यस्तै जुता लगाउँदा पहिला दायाँ खुट्टामा लगाउने, र फुकालने समय पहिला बायाँ खुट्टाको जुता फुकालने, अबुहोरैरह رضي الله عنهको हदिसमा छ कि रसुल ﷺले भन्नु भयो «तिमीहरु मध्ये यदि

कोहि जुता लगाउँछ भने पहिला दायाँ खुट्टामा लगाउने, र यदि फुकालछ भने पहिला बायाँ खुट्टाको जुत्ता फुकालने र दुवै जुता लगाउने अथवा दुवै फुकालने» (मुत्तफकुन्अलैह- ५८५५, ५४९५)

हदिसमा एउटै खुट्टामा जुता लगाउनाले मनाहि गरिएको छ।

३ - त्यस्तै एउटा मुस्लिमले आफनो लुगा र शरिरको सफाइ र पवित्रता प्रति ध्यान दिनु र त्यस्को प्रयास गर्नु सुन्नत छ, किन भने हरेक प्रकारको श्रृंगार र सुन्दर्ताको आधार सफाइ नै हो, र ईस्लामले शरिर र लुगाको सफाइ र त्यस्को प्रर्यास गर्ने प्रति प्रेरित गर्नु भएकोछ।

४ - सेतो लुगा लगाउनु उत्तम छ, इब्ने अब्बास ﷺको हदिसमा छ कि रसुल ﷺले भन्नु भयो «तिमीहरु सेतो लुगा लगाउने गर, किन भने यो सबभन्दा उचित लुगा हो, र मुर्दाहरुलाई पनि यही लुगामा क़फन दिने गर» (अबुदाउद- ९१५) तर सबै रंगको लुगा जायज छ।

५ - संतुलित र मध्ये खालको लुगा र श्रृंगार र सुन्दर्ताको सामगर्य प्रयोग गर्ने, अल्लाह तआलाले भन्नु भयो ﴿ وَالَّذِينَ إِذَآ أَنفَقُوا لَمْ يُسْرِفُوا وَلَمْ يَقْتُرُوا وَكَانَ بَيْنَ ذَٰلِكَ قَوَامًا ﴾ الفرقان: ٦٧ कि यदि खर्चा गर्छ भने न अपव्यय गर्छ नत कन्जुस्याइ बरु उनीहरु यी दुवैको बीचमा रहि संतुलित खर्चा गर्छ। र बोखारीमा हदिस छ कि रसुल ﷺले भन्नु भयो «तिमीहरु खान पीन गर, लुगा लगाउने गर, र दान गर, तर अपव्यय र घमण्डको बिना»।

# أحكام النكــاح
# विवाहको बिषय

## विवाहको शर्त।

१ - **दुल्हा र दुल्ही दुवैको स्वीकृति,** तसर्थ वयस्क र बुद्धिमान पुरुषले जुन् महिला सँग विवाह गर्न चाहनु हुँदैन भने त्यो सँग विवाहको लागि बाध्यता पुर्याउनु सही छैन, र नत वयस्क र बुद्धिमान महिलालाई उस सँग विवाहको लागि बाध्यता पुर्याउनु सही छ जुन् सँग त्यो विवाह गर्न चाहिंदैन, ईस्लाममा महिलालाई उस्को स्वीकृति बिना विवाह गराउने प्रति रोक लगाइएको छ, महिला यदि कुनै व्यक्ति सँग विवाह प्रति नकारातमक भएकि छे भने त्यस्लाई बाध्यता पुर्याउनु जायज छैन, यधापि त्यस्को बुवा नै किन न होस्।

२ - **वली (अभिभावक),** तसर्थ अभिभावकको बिना विवाह सही हुने छैन, नबी ﷺले भन्नु भयो «अभिभावकको बिना विवाह हुँदैन» (तिर्मिजी- १०२०) यदि कुनै महिलाले आफनो विवाह आफै गर्नु हुन्छ भने त्यस्को विवाह सही हुँदैन, अक्द अर्थात बन्धनको समय आफै उपस्थित होस अथवा आफनो कुनै वकिललाई सोम्पिएकि होस, त्यस्तै मुस्लिम महिलाको अभिभावक कुनै काफिर व्यक्तिले हुन सक्दैन, र जस्को कोहि पनि अभिभावक छैन भने त्यस्को विवाह हाकिमले गराइन्छ।

अभिभावक भनेको महिलाको कुनै यस्तो निकटतम नातेदार व्यक्ति हो जुन् वयस्क र बुद्धिमान हो, सबभन्दा पहिला त्यस्को

पिता, फेरि पिताको वकिल, त्यस पछि बाजे, र त्यस भन्दा माथिको पिढी हो, उनीहरु मध्ये जुन् व्यक्ति महिलाको जति निकट हुन्छ भने उस्को अधिकार पनि त्यति नै अधिक हुन्छ, र त्यस पछि उस्को छोरा, छोराको छोरा अर्थात नातिहरु र त्यस भन्दा तलको नातिहरु पनि अभिभावक हुनेछ ।

त्यस पछि उस्को आफनो दाजुभाइहरु, र त्यस पछि सौतेला ( पिता चाहिं एउटै होस तर आमा चाहिं अर्कि होस) दाजुभाइहरु, त्यस पछि आफनो भाइको छोरा, फेरि सौतेला भाइको छोरा, तर यिनी सबै मध्ये जुन् व्यक्ति जति नजिक हुन्छ त्यस्को अधिकार पनि त्यति नै अधिक हुन्छ ।

र त्यस पछि आफनो काका, फेरि पिता तर्फबाटको काका, फेरि उनीहरुको छोरा, र यिनी सबैहरु मध्ये जुन् व्यक्ति जति नजिक हुन्छ त्यस्को अधिकार पनि त्यति नै अधिक हुन्छ, फेरि पिताको काका, फेरि उस्को छोरा, फेरि बाजेको काका, फेरि उस्को छोरा, तर विवाह गराउनु भन्दा पहिला अभिभावकले अनिवार्य रुपमा महिलाको अनुमति लिनु पर्छ।

अभिभावकको उपलब्धिको फायदा यो हो कि त्यो व्यभिचार र यौन सम्पर्क माथि प्रतिबन्ध लगाउँछ, किन भने एउटा परस्त्रीगामीको लागि यो कुनै असम्भव कुरा छैन कि त्यो कुनै महिलालाई फँसाएर ऊ सँग विवाह गरिहालोस, फेरि त्यस माथि आफनो साथी अथवा अरु कसैको गवाहि पनि कांयम गर्न सकनु हुन्छ ।

३ - **दुइवटा गवाह**, विवाहमा अक्दको समय दुइवटा अथवा त्यस भन्दा अधिक मुस्लिम पुरुष, र न्यायप्रिय गवाहको उपस्तिथि

अनिवार्य छ, र त्यो दुइवटा गवाह अथवा त्यस भन्दा अधिक हुनु जरुरि छ, र त्यो दुवै व्यक्तिले व्यभिचार गर्ने र रक्सी खाने जस्तो ठुल ठुला पापबाट सुरक्षित र न्यायप्रिय हुनु पर्छ।

अक्दको शब्द यो हो कि दुल्हा अथवा त्यस्को वकिलले यो भन्नु हुन्छ कि तपाइ आफनो छोरि अथवा तपाइको वसियतमा भएकि फलानो केटिको विवाह मसँग गराइ देउ, र त्यस पछि अभिभावकले यो भन्नु हुन्छ कि मैले आफनो छोरि अथवा मेरो जिम्मेबारिमा भएकि फलानो केटिको विवाह तपाइसित गराइदिए , फेरि दुल्हाले यो भन्नु हुन्छ कि मसँग त्यस्को विवाह मलाई स्विकार छ, दुल्हाले आफनो तर्फबाट अरु कसैलाई वकिल पनि बनाउन सकनु हुन्छ ।

४ - **महरको अनिवार्यता**, (विवाहको बदलामा दुलहाले दुल्हीलाई दिने रकम) नियम अनुसार महर थोरै हुनु पर्छ, अर्थात महर जति कम र सजिलो हुन्छ त्यति नै उत्तम हुन्छ, महरलाई सदाक् पनि भनिन्छ, अक्दमा महरको घोषना गर्नु र हाथौं हाथ त्यहिं पेश गर्नु सुन्नत छ, तर त्यस्लाई ढिलो गर्नु अथवा किस्तामा दिनु पनि जायज छ ।

यदि कसैले एकलो हुने (सम्भोग) भन्दा पहिला आफनो स्वासनीलाई तलाक दिनु भयो भने आधा महर तिरनु पर्छ, र यदि विवाह भए पछि सम्भोग भन्दा पहिला पतिको मृत्यु भयो भने पुरा महर पाइन्छ र उत्तराधिकार पनि हुन्छ ।

## विवाहको प्रभाव।

१ - **खर्चा**, पत्निलाई उचित खान पीन, लुगा, र घर प्रदान गर्नु पतिको जिम्मेबारि हो, यदि उस्ले आफनो जिम्मेबारिमा कुनै प्रकारको कमी गर्नु हुन्छ भने त्यो दोषि हुन्छ, पत्निले आफनो पतिको सम्पत्तिबाट अवश्यक्ता अनुसार खर्च पनि गर्न पाइन्छ, त्यस्को नाममा श्रृण पनि लिन सकनु हुन्छ, जस्को भुक्तानी पतिलाई गर्नु पर्छ, खर्चाको विषय अन्तर्गत एउटा विषय वलीमा पनि छ, वलीमा भनेको त्यो भोजन हो जुन् दुल्हाले विवाहको समय मानिसहरुलाई निमन्त्रित गरि खुवाउने गर्नु हुन्छ, यो एउटा यस्तो सुन्नत हो जस्को आदेश भएकोछ, नबी ﷺले स्वंय यस्तो गर्नु भयो र यस्को आदेश पनि दिनु भयो।

२ - उत्तराधिकार, एउटा व्यक्तिले जब कुनै महिला सँग सही निकाह द्वारा विवाह गर्नु हुन्छ भने त्यहि समय देखि उनी दुवैको बीच उत्तराधिकार कायम भइहाल्छ, अल्लाह तआलाले भन्नु भयो

﴿ وَلَكُمْ نِصْفُ مَا تَرَكَ أَزْوَاجُكُمْ إِن لَّمْ يَكُن لَّهُنَّ وَلَدٌ فَإِن كَانَ لَهُنَّ وَلَدٌ فَلَكُمُ ٱلرُّبُعُ مِمَّا تَرَكْنَ مِنۢ بَعْدِ وَصِيَّةٍ يُوصِينَ بِهَآ أَوْ دَيْنٍ وَلَهُنَّ ٱلرُّبُعُ مِمَّا تَرَكْتُمْ إِن لَّمْ يَكُن لَّكُمْ وَلَدٌ فَإِن كَانَ لَكُمْ وَلَدٌ فَلَهُنَّ ٱلثُّمُنُ مِمَّا تَرَكْتُم مِّنۢ بَعْدِ وَصِيَّةٍ تُوصُونَ بِهَآ أَوْ دَيْنٍ ﴾ النساء: ١٢

जुन सम्पत्ति तिम्रो स्वासनीहरुले छोडरे मर्दछन् यदि तीनका सन्तानहरु छैनन् भने त्यस्को आधा भाग तिम्रो हुनेछ, र यदि उनको सन्तान छन् भने छाडेर गएको सम्पत्तिमा तिम्रो भाग एक

चौथाइ हुन्छ, तर यो बिभाजन मृतकको त्यस इच्छा पत्रको कार्यान्वयन पशचात हो जुन उस्ले गरेर गएको छ, र उस्ले लिएको श्रृण तिरिसके पछि गरिने छ, र जुन सम्पत्ति तिमीले छाडेर मर्छौ भने यदि तिम्रो सन्तानहरु छैनन् भने तिम्रो स्वासनीहरुको त्यसमा एक चौथाइ भाग छ, र यदि सन्तान छ भने तीनलाई आठौं भाग छ, तिम्रो इच्छा पत्रको कार्यान्वयन पशचात जुन तिमीले गरेका छौं र श्रृणको भुक्तानी पछि बाँटिने छन् ।

र यस कुराको कुनै मोल हुँदैन कि पत्नि सँग एकलो भएर मिलन भएको छ कि छैन ।

## विवाहको सुन्नत र नितीशास्त्रहरू।

१ - विवाहको प्रचार गर्नु सुन्नत हो, त्यस्तै दुल्हा र दुल्हीको लागि दुआ गर्नु सुन्नत हो, तसर्थ दुल्हा अथवा दुल्हीलाई यो भन्ने « بَارَكَ اللّٰهُ لَكَ وَبَارَكَ عَلَيْكَ وَجَمَعَ بَيْنَكُمَا فِي خَيْرٍ » अल्लाहले तिमीलाई कल्यान र उन्नती प्रदान गरोस, र तिम्रो माथि उन्नती र कल्यान अवतरित गरोस, र तिमी दुवैलाई भलो कुराको लागि भेला र एकत्र गरोस ।

२ - सम्भोग गर्ने समय दुवैलाई यो दुआ पढनु सुन्नत छ » « بِاسْمِ اللّٰهِ اللَّهُمَّ جَنِّبْنَا الشَّيْطَانَ وَجَنِّبِ الشَّيْطَانَ مَا رَزَقْتَنَا » अल्लाहको नाउँमा, हे अल्लाह ! हामीलाई शैतानबाट बचाउ, र जुन सन्तान हामीलाई प्रदान गर त्यस्लाई पनि शैतानबाट बचाउ ।

३ - सम्भोगको समय पति पत्निको बीच भएको यौन कृयाको भेदबारे अरु कसैलाई भन्नु उचित छैन ।

४ - मासिक धर्म र सुत्केरिको समय स्वासनी सँग सम्भोग गर्नु बर्जित गरिएको छ, रगत बन्द भए पछि पनि स्नान गर्ने सम्म ( सम्भोग गर्नु हराम छ) ।

५ - पत्निको दिसा गर्ने बाटोमा भोग गर्नु हराम छ, यो ठुलो पाप अन्तर्गत आउँछ जस्लाई ईस्लामले हराम गरिएको छ ।

६ - पति माथि अनिवार्य छ कि पत्निलाई सम्भोगमा पुर्ण रुपले हक दिनु, र गर्भको डरल पत्निको सहमति र अवश्यक्ता बिना भोग पछि विर्यलाई बाहिर न गिराउनु पनि अनिवार्य छ ।

## पत्नीको गुण ।

आनन्द प्राप्त गर्नु र राम्रो परिवार र स्वस्थ समुदाय तयार गर्नु नै विवाहको उदेश्य हो, त्यस कारण यदि कुनै महिलामा बाहिर र भित्रको सुन्द्रता पाइएको छ भने त्यस्मा धेरै गुण पाइएको छ, बाहिरको सुन्द्रताको अर्थ यो हो कि शरिरको सबै अँगहरु पुर्ण रुपले स्वस्थ होस, र भित्रको सुन्द्रताको अर्थ यो हो कि धर्म र चरित्रमा राम्रो होस, अल्लाहको कृपाले यही सुख र शान्ति हो, तर त्यस मध्ये पनि धारमिक हुनु अति महत्वपुर्ण हो, जस्तो कि नबी ﷺले यस्को वसियत गर्नु भएकोछ, महिलाले पनि चाहियो कि धर्म गर्ने र अल्लाह सित डरने व्यक्तिलाई खोज गर्ने प्रयास गरोस ।

## अगम्य महिलाहरू।

यो दुइ प्रकारका छन्, त्यस मध्ये एक प्रकारको महिला सँग विवाह संधैको लागि हराम गरिएको छ, र अर्को प्रकारको महिलाहरु एक समय र मुद्दतका लागि हराम छन्।

**प्रथम** - संधैका लागि अगम्य महिलाहरु तीन प्रकार कि छन्

**१ - बंशद्वारा अगम्य महिलाहरु,** र त्यो सात छन् जस्को खुलासा अल्लाहले यस पकार गर्नु भएकोछ ﴿ حُرِّمَتْ عَلَيْكُمْ أُمَّهَٰتُكُمْ وَبَنَاتُكُمْ وَأَخَوَٰتُكُمْ وَعَمَّٰتُكُمْ وَخَٰلَٰتُكُمْ وَبَنَاتُ ٱلْأَخِ وَبَنَاتُ ٱلْأُخْتِ ﴾ النساء: ٢٣ तिमीहरुको लागि बर्जित हो तिम्रो आमाहरु, तिम्रो छोरीहरु, तिम्रो बहिनीहरु, तिम्रो फुफिहरु, तिम्रो सानीआमाहरु, तिम्रो भतिजीहरु, र तिम्रो भान्जीहरु।

क - आमा अन्तर्गत आमा, बुवा तर्फको हजुरआमा र आमा तर्फको हजुरआमा सबै आउँछ।

ख - छोरी अन्तर्गत आफनो छोरी, नातिनी (छोराको छोरी र छोरीको छोरी) र त्यस भन्दा तलको सबै पिढि आउँछ।

ग - बहिनी अन्तर्गत आफनो बहिनी, बुवाको छोरी, र आमाको छोरी सबै आउँछ।

घ - फुफि अन्तर्गत आफनो फुफि, बुवाको फुफि, बाजेको फुफि, आमाको फुफि, र आमाको आमाको फुफि सबै आउँछ।

ड - सानी आमा अन्तर्गत आफनो सानी आमा, बुवाको सानी आमा, बाजेको सानी आमा, आमाकि सानी आमा, र आमाको आमाको सानी आमा सबै आउँछ।

च - भतिजी अन्तर्गत आफनो भतिजी, सौतेला भाइको छोरी, उनीहरुका नातिनीहरु, र त्यस भन्दा तलको सबै पिढि आउँछ।

छ - भान्जी अन्तर्गत आफनो भान्जी, सौतेली बहिनीको छोरी, उनीहरुको नातिनीहरु, र त्यस भन्दा तलको सबै पिढि आउँछ।

२ -, **दुधका कारण अगम्य भएकि महिलाहरु,** यीनीहरु पनि बंशका कारण अगम्य भएकि महिलाहरु जस्तै हुन्, रसुल ﷺले भन्नु भयो ‹‹दुधको कारणले उनीहरु नै अगम्य हुन्छ जुन वंशको कारण अगम्य हुन्छ›› (मुत्तफकुन्अलैह- १४४७, २६४५) र जुन महिलाहरु दुधको कारण हराम हुन्छ त्यसमा केहि शर्तहरुको उपलब्धि जरुरि छ :

क - पाँच चोटि अथवा त्यस भन्दा अधिक चोटि दुध खाइएको होस. तसर्थ यदि कुनै बच्चा कुनै महिलाको दुध मात्र चार चोटि खाएको छ भने त्यो महिला उस्को आमा हुँदैन।

ख - दुध छोडिने भन्दा पहिला दुध खाएको होस, अर्थात पाँचौ पटक चाहिं दुध छोडिने भन्दा पहिला खाएको होस, र यदि दुध छोडि सके पछि खानु भएछ अथवा केहि पटक दुध छोडने भन्दा पंहिला र केहि पटक दुध छोडि सके पछि खाएको छ भने त्यो महिला पनि उस्को आमा हुँदैन।

र जब दुध खुवाउने सबै शर्तहरुको पुर्ति हुन्छ भने मात्र बच्चा महिलाको सन्तान घोषित हुन्छ, र त्यस्को आफनो सन्तान बच्चाको दाजुभाइ हुन्छ, यधापि त्यस भन्दा ठुलो होस वा सानो होस, र महिलाको पतिको सन्तानहरु पनि बच्चाको दाजुभाइ हरु हुन्छन्, यधापि दुध खुवाएकि महिलाबाट जन्मिएको होस अथवा

अर्कै महिलाबाट, र यहाँ यो कुरा ध्यानमा राखनु पर्छ कि दुध खाएको बच्चा बाहेक उस्को परिवारको अरु सदस्यहरु सँग दुध द्वारा कुनै नाता हुँदैन र उनीहरु माथि यस्को कुनै प्रभाव पर्दैन ।

३ - **विवाह सुत्रबाट अगम्य महिलाहरु,** र त्यो चाहिं :

क - बुवा बाजेको स्त्रीहरु, तसर्थ जहिले नै कुनै व्यक्तिले कुनै महिला सँग विवाह गर्नु हुन्छ भने त्यो महिला त्यस पुरुषको छोरा र नाती (छोराको छोरा र छोरीको छोरा) र त्यस भन्दा तलको पिढिको लागि हराम भइहाल्नेछ, यधापि भोग भएको होस अथवा न भएको होस ।

ख - सन्तानको स्त्रीहरु, तसर्थ जहिले नै कुनै व्यक्तिले कुनै महिला सँग विवाह सुत्रमा बंधनु हुन्छ भने त्यो महिला उस्को बुवा, बाजे, र पुर्खाहरु (बुवा तर्फको पुर्खा अथवा आमा तर्फको पुर्खा) माथि अबैध भइहाल्छ, भोग गरेको होस अथवा न गरेको होस ।

ग - स्वासनीको आमा र बाजेहरु, तसर्थ जहिले नै कुनै व्यक्तिले कुनै महिला सँग विवाह

सुत्रमा बंधनु हुन्छ भने स्वासनीको आमा र त्यस्को बाजेहरु हराम भइहाल्नेछ, समभोग भएको होस अथवा न भएको होस, यधापि स्वासनीको बुवा तर्फको बाजे होस अथवा आमा तर्फको बाजे होस।

घ - स्वासनीको छोरी र नातिनीहरु, तसर्थ जहिले नै कुनै व्यक्तिले कुनै महिला सँग विवाह गर्नु हुन्छ र सम्भोग पनि गर्नु हुन्छ भने त्यो महिलाकि छोरी र नातिनीहरु त्यस्को लागि हराम भइहाल्नेछ, तिनीहरु पहिलो पति द्वारा होस अथवा अर्को पति

द्वारा होस, तर यदि सम्भोग भन्दा पहिला नै दुवैको बीच भिन्नता भयो भने उस्को छोरी र नातिनीहरु हराम हुँदैन ।

**दोश्रो** - एक मुद्दत र समय सम्म अगम्य भएकि महिलाहरु : तिनीहरु अनेकौं प्रकार कि छन् :

क - स्वासनीको बहिनी, फुफि, सानीआमा, पति पत्निको बीच भिन्नता हुने सम्म, मृत्यु द्वारा अथवा तलाक द्वारा, र इद्दत ( म्याद) समाप्त हुने सम्म ।

ख - कसैको इद्दत काटिरहनु भएको समय, अर्थात यदि कुनै महिला कसैको इद्दत (मियाद) मा बसेकि छ भने मियाद समाप्त हुने सम्म त्यो सँग विवाह गर्नु जायज छैन, र यस्तो अवस्थामा विवाहको प्रस्ताव राखनु पनि जायज छैन ।

घ - हज अथवा ऊमराको एहराम बाँधिएकि महिला, तसर्थ उस सँग व्रिवाह गर्नु जायज छैन, पुर्ण रुपले एहरामबाट हलाल अर्थात मुक्त हुने सम्म ।

## तलाक (विवाह वीक्षित) ।

तलाक चाहिं वास्तवमा मकरुह छ अर्थात उचित छैन, तर कहिले तलाक बाहेक अरु कुनै बिकल्प नै हुँदैन, जस्तो कि पत्नीले पति द्वारा दुख पाइ रहेकि छ अथवा पतिले पत्नी द्वारा दुख पाइ रहेको छ अथवा अरु कुनै कारणले, अल्लाह तआला आफनो कृपाले आफनो सेवकहरुको लागि तलाक जायज गर्नु भएकोछ, तसर्थ यदि यस्तो कुनै अवस्था भयो भने तलाक दिनुमा कुनै आपत्ति छैन, तर एउटा पतिलाई निम्न कुराहरु ध्यानमा राखनु जरुरी छ :

१ - मासिक धर्मको अवस्थामा तलाक नं दिने, यदि यस्तो अवस्थामा तलाक दिनु भयो भने अल्लाह र रसुलको अवज्ञा, र हराम कार्य गर्नु भयो, र यस्तो अवस्थामा अनिवार्य रुपले रोज़ु गर्नु पर्छ, र पवित्र भए पछि यदि चाहियो भने फेरि तलाक दिनु जायज छ, तर उचित यो हो कि अर्को चोटि मासिक धर्म खुलिने सम्म छाड दिने र त्यस पछि पवित्रताको अवस्तामा यदि चाहियो भने राखने अथवा तलाक दिने ।

२ - यस्तो पवित्रताको अवस्थामा तलाक न दिने जस्मा सम्भोग गरेको हो, तर यदि गर्भवति छ भने तलाक दिनु जायज छ, तसर्थ यदि कसैले आफनो स्वासनीलाई तलाक दिने इच्छा गरेको छ यस अवस्थामा कि उस्ले मासिक धर्म पछि सम्भोग गरेको छ भने अर्को चोटि मासिक धर्म खुले पछि पवित्रता प्राप्त गर्ने सम्म तलाक दिन पाउँदैन, समय चाहिं लामो किन न भइहालोस, र त्यस पछि चाहियो भने सम्भोग भन्दा पहिला तलाक दिने, तर यदि गर्भ महसुस भयो अथवा पहिला देखि नैं गर्भवति थियो भने तलाक दिनमा कुनै आपत्ति छैन ।

## तलाक पशचातको केहि आदेशहरू।

जब तलाकको अर्थ पत्नी सँग भिन्नता भयो भने त्यस पछि धेरै आदेशहरु लागु हुन्छ, र त्यस मध्ये:

१ - इद्दतको अनिवार्यता, यदि पतिले आफनो पत्नी सँग सम्भोग गरिसकेको छ अथवा एकलो बसिसकनु भएछ भने । तर यदि सम्भोग अथवा एकलो हुने भन्दा पहिला तलाक दिनु भएछ भने त्यस्को लागि पत्नीलाई इद्दतमा बसनु पर्दैन, र इद्दत चाहिं तीन

पटक मासिक धर्म खुलने सम्म हुन्छ, यदि यस्तो महिला छ जस्लाई मासिक धर्म आउँछ भने, र यदि कुनै महिलालाई महिनावारी आउँदैन भने त्यस्को लागि इद्दत तीन महिना सम्म हुन्छ, र यदि गर्भवति छ भने बच्चा जन्म दिने सम्म, इद्दतको एउटा फायदा यो पनि छ कि पतिले आफनो तलाक दिएको पत्नीलाई फर्काउने मौका पाओस, र साथै गर्भवति छ कि छैन भने त्यस कुराको पनि पुष्टि होस ।

२ - पतिको लागि पत्नी अबैध भइहाल्छ यदि त्यस भन्दा पहिला पनि दुइ पटक तलाक दिइसकेको छ भने, अर्थात यदि कुनै व्यक्तिले आफनो पत्नीलाई तलाक दिनु भयो, फेरि इद्दत मै उ सँग रोजु गर्नु भयो, अथवा इद्दत समाप्त भए पछि फेरि उ सँग बिहे गर्नु भयो, त्यस पछि अर्को पटक तलाक दिनु भयो, फेरि इद्दत मै उ सँग रोजु गर्नु भयो, अथवा इद्दत समाप्त भए पछि फेरि उ सँग बिहे गर्नु भयो, र त्यस पछि तेश्रो पटक तलाक दिनु भयो भने उस्को लागि त्यो महिला तब सम्म हलाल हुँदैन जब सम्म कि त्यो महिला अर्को व्यक्ति सँग नियमित रुपले सही विवाह गरी सम्भोग न गरोस, र त्यस पछि त्यो व्यक्ति यदि आफनो इच्छाले तलाक दिनु भयो भने मात्र यस्तो अवस्थामा फेरि साबिक पतिको लागि हलाल हुने छन्, अल्लाहको कपा छ कि उस्ले तीन तलाक पछि महिलालाई हराम घोषित गरिदिएको छ, ताकि पत्नी पतिको अत्याचारको शिकार न भंइहालोस ।

## खोलअ।

महिलाले केहि माल तिरेर मन न पराएको पतिबाट भिन्नता प्राप्त गर्नको प्रस्ताव राखनु र त्यस बाट मुक्त हुनलाई खोलअ भनिन्छ, र यदि पतिलाई पत्नी मन पराएको छैन र पतिले नै भिन्नता प्राप्त गर्न चाहनु हुन्छ भने यस्तो अवस्थामा उस्लाई महिला सँग माल लिनको अधिकार छैन, बरु त्यही महिला माथि सन्तोष गर्नु पर्छ अथवा त्यस्लाई तलाक दिनु पर्छ।

महिलाले चाहियो कि खोलअको प्रस्ताव न राखोसस, तर मात्र यस्तो अवस्थमा खुलअ मांगनु उचित छ जब त्यो पिडित भएकि छ र सहन् गर्नु सम्भव छैन, साथै पतिको लागि जायज छैन कि आफनो पत्नी माथि जानी जानी अत्याचार गरोस ताकि त्यो बाध्य भइ खोलअ माँगन थालोस, र पतिले महरमा दिएको माल भन्दा अधिक माँगनु पनि उचित छैन।

## विवाह राखने वा भँग गर्ने छुट।

दुल्हा र दुल्ही मध्ये हरेकले विवाह पशचात कुनै कारण विवाह बंधन्लाई कायम राखने वा तोडने छुट पाइन्छ, जस्तो कि पतिले पत्नीमा अथवा पत्नीले पतिमा कुनै यस्तो प्रकारको रोग वा शरिरमा कुनै यस्तो प्रकारको त्रुटि पाइयो जस्को बारेमा विवाहको समय जानकारी दिएको थिएन, यस्तो अवस्थामा विवाह कायम राखन अथवा तोडनको अधिकार हुन्छ, उदाहरणको लागि :

१ - दुवै जना मध्ये कोहि एक पागल छ अथवा त्यस्लाई कुनै यस्तो रोग लागेको छ जस्को कारणले अर्कोलाई पुर्ण रुपले

आफनो हक प्राप्त गर्ने सम्भावना छैन भने त्यस्लाई विवाह भँग गर्नको अधिकार छ, र यदि यो चाहिं सम्भोग भन्दा पहिला भयो भने पतिले दिएको महर वापस माग्न सक्नु हुन्छ ।

२ - विवाहको समय महरको रकम अदा गर्नमा असक्षम हुने, यसो भए सम्भोग भन्दा पहिला महिलालाई विवाह भँग गर्ने अधिकार हुन्छ, तर सम्भोग भइ सके पछि यो अधिकार हुँदैन ।

३ - खर्चा दिन न सकिने, तसर्थ जस्ले खर्चा दिन सकदैन भने त्यस्को पत्नीले सकिएको समय सम्म सहन गर्नु पर्छ र त्यस पछि अदालत द्वारा विवाह भँग गराइने अधिकार पाइन्छ ।

४ - यदि पति बेपत्ता भयो र त्यस्को ठाउँको बारेमा कुनै जानकारी प्राप्त भए न, र पत्नीको लागि खर्चा पनि छोडिएको छैन, र कसै माथि खर्चाको जिम्मेबारी पनि सोमपिएको छैन, र कसैले त्यस माथि खर्चा पनि गर्दैन, र आफु सँग खर्चा गर्ने क्षमता पनि छैन कि पति आइ पुगे पछि आफुले गरेको सबै खर्चा फिर्ता माँगन सक्नु हुन्छ भने यस्तो अवस्थामा महिलालाई न्यायधिस द्वारा विवाह भँग गराउने अधिकार छ ।

## काफिरहरू सँग विवाह ।

एक मुस्लिमको लागि किताबिया अर्थात यहुदि र किशचन बाहेक अरु कुनै काफिर सँग विवाह गर्नु अबैध गरिएको छ, र मुस्लिम महिलाको लागि मुस्लिम बाहेक अरु कसै सँग विवाह गर्नु जायज छैन, यहुदि र किशचन होस अथवा अरु कुनै धर्मको होस, त्यस्तै यदि पत्नीले चाहिं पति भन्दा पहिला इस्लाम स्विकार गरेकि छ भने पतिलाई मुस्लिम न हुने सम्म सम्भोग गर्न दिनु जायज

छैन, निम्नमा काफिरहरु सँग विवाहको बारेमा केहि खास आदेशहरु छन् :

१ - यदि पति र पत्नी दुवैले ईस्लाम स्विकार्नु भयो भने दुवैको विवाह बाँकि रहनेछ यदि कुनै धारमिक निषेधता छैन भने, जस्तो कि पत्नी पतिको लागि अगम्य होस, अथवा त्यस्को लागि उ सँग विवाह गर्नु जायज न होस, यस्तो अवस्थामा दुवैको बीच भिन्नता गराइन्छ ।

२ - यदि यहुदि र किशचन महिलाको पति मुस्लिम भयो भने दुवैको विवाह बाँकि रहने छ ।

३ - यदि यहुदि र किशचन बाहेक कुनै अरु धर्ममा भएको पति पत्नी मध्ये कोहि सम्भोग भन्दा पहिला मुस्लिम हुन्छ भने दुवैको विवाह भँग भइहाल्छ ।

४ - यहुदि र किशचन अथवा अरु कुनै पनि काफिरको पत्नी यदि सम्भोग भन्दा पहिला मुस्लिम हुन्छ भने विवाह भँग भइहाल्छ, किन भने एउटि मुस्लिम महिला कुनै काफिरको लागि हलाल छैनन् ।

५ - यदि कुनै काफिरको पत्नी सम्भोग पछि ईस्लाम स्विकार गरेकि हो भने इद्दत समाप्त हुने सम्म मामला स्थकित हुन्छ, तसर्थ इद्दत समाप्त भए पछि विवाह आफै भँग भइहाल्छ यदि उस्को पति मुस्लिम भएन भने, र महिला चाहिं आफनो इच्छा अनुसार जुन सुकै व्यक्ति सँग विवाह गर्न सकनु हुन्छ, र यदि चाहियो भने प्रतिक्षा पनि गर्न सकनु हुन्छ, तर यस म्याद भित्र पति माथि पत्नीको कुनै हक अधिकार हुँदैन, त्यस्तै पतिको पनि कुनै हुकुम महिला माथि चलदैन, र यदि पति मुस्लिम भयो भने

त्यो महिला उस्को स्वासनी नै हुन्छ, नया विवाहको अवश्यक्ता पर्दैन, जति बर्ष सम्म पनि त्यस्को प्रतिक्षा किन न गरोस, र यहुदि र क्रिशचन बाहेक यदि काफिर महिलाको पति मुस्लिम हुनु भयो भने त्यस माथि पनि यही नियम लागु हुन्छ ।

६ - यदि सम्भोग भन्दा पहिला स्वासनी ईस्लामबाट मुर्तद अर्थात धर्म भ्रष्ट भइ भने विवाह आफै खंडित भइहाल्छ, र महरको हकदार पनि हुँदैन, र यदि पति मुर्तद भयो भने विवाह खंडित भइहाल्छ तर पतिलाई आधा महर तिरनु पर्छ, र यदि दुवै जना मध्ये मुर्तद भएको व्यक्ति फेरि मुस्लिम भयो भने उनीहरुको विवाह बाँकि रहने छ यहाँ सम्म कि दुवैको बीच तलाक भइहालोस ।

## यहूदि र क्रिशचन महिलाहरू सँग विवाहको समस्या ।

जब अल्लाह तआलाले विवाहलाई जायज गर्नु भयो, त उस्को उदेश्य चहिं यो थियो कि चरित्रलाई सफा पार्ने, समाजलाई अशलिलताबाट मुक्त गर्ने, गुप्ताँगलाई सुरक्षा प्रदान गर्ने अर्थात पुरुष र महिला बीच नाजायज सम्बन्ध माथि रोक लगाउने, र समाजमा शुद्ध ईस्लामी नियम लागु गर्ने , र यस्तो मुस्लिम समुदायको अभिसकार गर्ने जुन् यो गवाही दिन्छ कि पुज्य चाहिं मांत्र एउटै अल्लाह हो र मोहम्मद ﷺ अल्लाहको रसुल हो, र यो सबै प्रकारको सुधार मात्र एउटा धार्मिक, पवित्र, र राम्रो चरित्रकि महिला सँग विवाह गरेर नै प्राप्त हुन्छ, यहुदि र क्रिशचन महिला सँग विवाहको प्रभावहरु म निम्न कुराहरुमा संक्षिप्त गरी पेश गरी रहेको छु :

१ - परिवार भित्र, सानो परिवारमा यदि पति ठोस व्यक्तित्वको मालिक छ भने स्वासनी माथि त्यस्को प्रभाव हुन्छ र अधिक अनुमान यही हुन्छ कि पत्नीले पनि मुस्लिम भइहाल्छ, तर कहिले उलटो पनि हुन सकछ, कहिले पत्नीले यस्तो कार्यहरु गरिन्छ जुन् उस्को बिचारमा धर्मले जायज गरिएको छ जस्तो कि रक्सी खाने, बंगुरको मासु खाने, र केटाहरु सँग मित्रता कायम गर्ने, यदि यस्तो भयो भने परिवारको सत्यानास हुन्छ, एक्ता भँग हुन्छ, र बच्चाहरुले पनि गलत र दुष्ट वाणीको छायामा पिरशिज्ञण पाइन्छ, बरु कहिले वातावरण अझै खराब हुन सकछ, जब हठधर्म पत्नी चाहिं छोरा छोरीलाई चर्चमा लिएर जान्छन्, यसो भए बच्चाहरुलाई किशचनको पुजापाठ हेरने बाणी हुन्छ, र सानोमा परेको बाणी बुढो हुने सम्म कायम रहन्छ ।

२ - समाज भित्र प्रभाव, मुस्लिम समाजमा यहुदि र किशचन महिलाहरुको ठुलो संख्यामा उपलब्धि खतरनाक छ, किन भने उनीहरु मुस्लिम समुदाय माथि बैचारिक युद्धको कारण बन्न सकनु हुन्छ, र उनीहरुको इसाई रितिरेवाजको कारण समाजमा भेदभाव उत्पन्न हुन्छ, र समाज बर्बाद हुन्छ, र त्यस रितिरेवाज मध्ये बिना पर्दा नर नारीको हेलमेल, र गुप्तांगहरुलाई न छोपन सकिने लुगाहरु, र ईस्लामी शिक्षाको बिरुद्ध केहि चालचलनलाई प्राथमिक्ता प्राप्त छ ।

مطبعة النرجس التجارية
NARJIS PRINTING PRESS
تلفون: ٢٣١٦٦٥٣ - فاكس: ٢٣١٦٨٦٦
E-mail: narjiscpp@yahoo.com